कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०८२/१०/२२ गते

**बैठक संख्याः ७५/०८२-८३, मिति २०८२/१०/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

१. अन्तर सरकारी वित्त व्यवस्थनापन ऐन २०७४ को दफा १० र ११ र समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम आ.व. २०८३।०८४ को लागि देहायका आयोजनाहरु राष्ट्रिय योजना आयोगमा पेश गर्ने ।

समपुरक अनुदान तर्फः

क. घारीमेहेलकुना रेन्जपोष्ट -गंगटे-पवित्र सहकारी, अस्पताल श्रीवानी, हुदै डब्बलसिंमार्ग सडक स्तरोन्नती (क्रमागत)

ख. बोटेचौर धारापानी सडक

ग. जहरे शुभाघाट अवलसुर्मा सडक

विषेश अनुदान तर्फ

क. गोठ सुधार, व्यवसायीक पशुपंछी पालन,नश्ल सुधार, रोग किरा नियन्त्रण, बिउबिजन,

ख. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रम

ग. विपन्न नागरिक नमूना आवास कार्यक्रम

२. यस नगरपालिकाको कृषि शाखाको चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम सशर्त अनुदान तर्फ नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालनका लागि पेश भएका ३ वटा आवेदनहरु मध्ये श्री हाम्रो धारापानी कृषि तथा पशुपालन सहकारी लि. गुर्भाकोट ३, सुर्खेतलाइ अनुदान दिने गरी छनौट गर्ने ।साथै गत आ.व. २०८१।०८२ मा संचालित तरकारी पकेट कार्यक्रम निरन्तरता श्री टिम्मुरे जैविक कृषि तथा पशुपालन सहकारी संस्था लि. गुर्भाकोट ३, सुर्खेत मार्फत संचालन गर्ने ।

३. खाण निर्माण सेवा गुर्भाकोट ४, सुर्खेतले आ.व. २०७९।०८० मा घ वर्ग इजाजत लिइ हाल सम्म नवीकरण नभइ नवीकरणको लागि पेश भएकोले वार्षिक १०% जरिवाना लगाइ नियमानुसार नवीकरण गर्न कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने ।

४. क. यस नगरपालिका ठेक्का नं. NCB/WORKS/GM/01/2082/082 भगवतीमाइ कन्सट्रक्सन, खाडाचक्रम न.पा. कालिकोट ठेक्काको म्याद थपको लागि पेश भएकोमा मिति २०८२।०९।३० देखि २०८२।१२।३० सम्म नियमानुसार म्याद थप गर्ने ।

ख. ठेक्का नं. NCB/WORKS/GM/01/2078-079 पि.एल. कन्सट्रस्कसन प्रा लि वीरेन्द्रनगर, सुर्खेतको ठेक्काको म्याद थपको लागि पेश भएकोमा २०८१।१२।०१ देखि मिति २०८२।११।३० सम्म नियमानुसार जारिवाना गरि थप गर्ने ।

घ. खानेपानी, सरसफाइ स्वच्छता योजना (वास प्लान) निर्माण को लागि छाँया डेभलपमेन्ट सर्भिस प्रा.लि. काठमाडौले म्याद थपको लागि पेश भएकोमा महालेखा परिक्षणले औंल्याएको बेरुजु दाखिला भएमा मिति २०८२।१२।३० गते सम्म म्याद थप गर्ने ।

५. यस नगरपालिका वडा नं. ११ को मोटरसाइकल मर्मतको लागि २० हजार माथी खर्च भएकोले मर्मतको लागि सहमती माग भएकोले वडा कार्यालयको विनियोजन रकमबाट खर्च गर्ने गरी सहमति दिने ।